# HISSAN CENTRAL EXAMINATION – 2079 (2022)

**Grade : XI** **F.M.: 75**

**Time : 3 hrs**

**सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा (००५१)**

*परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर दिनु पर्नेछ । किनारामा दिइएका अङ्कले पूर्णाङ्कलाई जनाउँछ ।*

**समूह क**

**सबै प्रश्नहरुको उत्तर दिनुहोस् ।**

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु :** (११ × १ = ११)

१) जीवनोपयोगी शिक्षामा प्रयोग हुने कुनै दुई सिपहरु प्रस्तुत गर्नुहोस् ।
२) सर्च इन्जिन भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।
३) टोलीकार्यबाट नेतृत्व सिप बिकास गर्न कसरी मद्धत पुगेको हुन्छ ? प्रस्तुत गर्नुहोस् ।
४) सामाजिक सञ्जालको प्रयोग गर्दा के कस्तो साइवर नैतिकता तपाईले प्रर्दशन गर्नुहुन्छ ? दुईवटा उदाहरण प्रस्तुत गर्नुहोस् ।
५) बहुसांस्कृतिकता भनेको के हो ?
६) तपाई इटालीको व्यवसायिक कृषक हुनुभएको भए फलफुल खेति किन गर्नुहुन्थ्यो ? एक वाक्यमा लेख्नुहोस् ।
७) नेपालको बर्तमान संबिधानका कुनै दुई राजनीतिक बिशेषताहरु उल्लेख गर्नुहोस् ।
८) होमोप्याथी कस्तो चिकित्सा पद्धति हो ?
९) कर आय र गैर कर आयबीच कुनै एक फरक लेख्नुहोस् ।
१०) तपाई संघीय सरकारको अर्थमन्त्री भएको भए बिप्रेषणको सदुपयोग गर्न के कस्तो कार्यक्रम तय गर्नुहुन्थ्यो ?
११) नेपालको निर्वाचन प्रणाली धेरै खर्चिलो र तडकभडक बढी भएको सन्दर्भमा यसलाई नियन्त्रण गर्न के गर्नुपर्ला ? एक वाक्यमा लेख्नुहोस् ।

**समूह ख**

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु :** (८ × ५ = ४०)

१२) समस्या समाधानका के कस्ता व्यवहारिक अभ्यासहरु गरेको अनुभव तपाईसँग रहेको छ ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

**अथवा**

साइबर अपराधबाट बच्न र बचाउनका लागि सञ्चालन गर्न सकिने चेतनामूलक कार्यक्रमको एक खाका तयार पार्नुहोस् ।

१३) मानवको जैविकीय उद्विकासको सक्षिप्तमा चर्चा गर्नुहोस् ।
१४) बर्षैभरी धेरै चिसो हुने क्षेत्र र अत्यन्त सुख्खा हावापानीको क्षेत्रबीच फरकहरु प्रस्तुत गर्नुहोस् ।
१५) मानौं तपाई एक स्थानीय तहको नव निर्बाचित पालिका प्रमुख हुनुहुन्छ भने दलितको शसक्तिकरण र अवस्था सुधारका लागि के कस्ता कार्यक्रम ल्याउनुहुन्छ ? लेख्नुहोस् ।
१६) नेपालमा लोकतान्त्रिक प्रणालीको प्रार्दुभाव सँगै सामाजिक आर्थिक क्षेत्रमा परेको प्रभावको बिष्लेषण गर्नुहोस् ।
१७) राष्ट्रिय सुरक्षाका चुनौतिहरु के के छन् ? संक्षेपमा चर्चा गर्नुहोस् ।
१८) ग्रामिण बस्ती र शहरी बस्तीबीचका फरकहरु प्रस्तुत गर्नुहोस् ।
१९) नेपालको आर्थिक बिकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक योगदान उल्लेख गर्दै दैनिक पत्रिकाको लागि एक लेख तयार पार्नुहोस् ।

**अथवा**

नेपालमा बिद्यमान जनसंख्या व्यवस्थापनका चुनौतीहरु उल्लेख गर्दै बिदेशमा बस्ने साथीलाई एक चिठी लेख्नुहोस् ।

**समूह ग**

**लामो उत्तरात्मक प्रश्नहरु :** (३ × ८ = २४)

२०) द्वन्द्व र तनावबीचको सम्बन्ध प्रस्तुत गर्दै तनाव हुनुभन्दा पनि त्यसलाई कसरी व्यवस्थापन गरिन्छ भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ भन्ने तथ्यलाई तर्क दिई प्रष्ट पार्नुहोस् ।
२१) इतिहास लेखनका मूल प्रवृतिहरु के के छन् ? हेरोडोटसलाई इतिहासका पिता भनिनुका आधारहरु प्रस्तुत गर्नुहोस् । ४+४

**अथवा**

नेपाली समाज बहुसांस्कृतिक समाज हुनुका आधारहरु प्रस्तुत गर्दै बहुसांस्कृतिकतामा सामाजिक एकता कसरी कायम गर्न सकिन्छ ? लेख्नुहोस् ।

२२) मितव्ययी जीवनशैलीका लागि तपाइले के कस्ता व्यवहारिक अभ्यासहरु गरिरहनुभएको छ ? उदाहरण दिनुहोस् र यसले तपाईको जीवनमा पारेको प्रभाव समेत प्रस्तुत गर्नुहोस् ।

**समाप्त**